नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद व्यवस्थापन शाखा)

फोन नं. ४२००४८२
४२००५३१
Website: www.mofald.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७४/७५
च.नं.:- 6८

सिंहदरबार, काठमाण्डौ ।

मिति: २०७५।०१।०३

श्री स्थानीय तह,
(सबै)

**विषयः मनसुन पूर्वतयारी सम्बन्धमा ।**

मिति २०७४।१२।२९ गते राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र, गृह मन्त्रालयमा विषयगत क्षेत्रको नेतृत्व र सह-नेतृत्व लिने निकाय तथा विपद् सम्पर्क व्यक्तिहरुबीच भएको बैठकको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा श्री गृह मन्त्रालयबाट लेखि आएको हुँदा तहाँ स्थानीय तहबाट मनसुनका समयमा हुन सक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न तयारी अवस्थामा रहने र मनसुन पूर्वतयारी प्रतिकार्य कार्ययोजना तयार पारि कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउनु हुन निर्णयानुसार अनुरोध छ ।

**संलग्न**

श्री गृह मन्त्रालय, राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रको मिति २०७४।१२।२९ को पत्रको प्रतिलिपि पाना १ र सो साथ संलग्न बैठकको निर्णय पाना २ ।

सीता दुवाडी
शाखा अधिकृत

**वोधार्थ**

श्री गृह मन्त्रालय,
राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्र, सिंहदरवार ।

श्री सूचना तथा विद्युतिय शासन शाखा:- प्रस्तुत पत्र मन्त्रालयको website मा upload गरि दिनुहुन ।

नेपाल सरकार
# गृह मन्त्रालय
राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र

फोन : ९७७-०१-४२००२५८
९७७-०१-४२००२५७
९७७-०१-४२००१०५
फ्याक्स : ९७७-०१-४२००१०३

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७४।७५
प्राप्त पत्र संख्या र मितिः-
च.नं. ८१८

मितिः २०७४/१२/२९

**विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार ।
श्री राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरवार ।
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार ।
श्री अर्थ मन्त्रालय, सिंहदरवार ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरवार ।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार ।
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय,सिंहदरवार ।
श्री खानेपानी मन्त्रालय, सिंहदरवार ।
श्री रक्षा मन्त्रालय, सिंहदरवार ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार ।
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरवार ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार ।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।
श्री सहरी विकास मन्त्रालय, सिंहदरवार ।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवार ।
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार ।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार ।
श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार ।
श्री श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार ।
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरवार ।
श्री ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, सिंहदरवार ।
श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राम शाहपथ ।
श्री शिक्षा विभाग, सानो ठिमी भक्तपुर ।
श्री भू तथा जलाधार संरक्षण विभाग, बबरमहल, काठमाण्डौं ।
श्री सडक विभाग, पाटन ढोका, ललितपुर ।
श्री महिला तथा बालबालिका विभाग, श्रीमहल, पुल्चोक ।
श्री जल-तथा मौसम विज्ञान विभाग, नक्साल, काठमाण्डौ ।
श्री शहरी विकाश तथा भवन निर्माण विभाग, बबरमहल ।
श्री जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग, पुल्चोक ।
श्री नेपाली सेना, विपद् व्यवस्थापन निर्देशनालय जङ्गी अड्डा, भद्रकाली ।
श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।
श्री सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय, हल्चोक ।
श्री नेपाल रेडक्रस सोसाईटी, केन्द्रीय कार्यालय,कालिमाटी ।
श्री UN RCO
श्री Cluster Co Lead सबै ।
श्री AINTGDM ।

प्रस्तुत विषयमा मिति २०७४।१२।२९ गतेका दिन राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र, गृह मन्त्रालयमा विषयगत क्षेत्रको नेतृत्व र सह-नेतृत्व लिने निकाय तथा विंपद् सम्पर्क व्यक्तिहरुवीच भएको बैठकको छलफल तथा निर्णय यसैसाथ संलग्न राखि पठाइएको छ । आ-आफ्नो निकायसँग सम्बन्धित निर्णय कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।

२०७४।१२।२९

रेवन्त भट्टराई
शाखा अधिकृत

मिति २०७४ चैत्र २९ गते आयोजना गरिएको विषयगत क्षेत्रका नेतृत्व र सह-नेतृत्व लिने निकाय तथा अन्य निकायहरु बीच भएको बैठकका निर्णयहरु

१. आगलागी तथा बाढी, पहिरो जस्ता विपद्का घटना र सो बाट हुन सक्ने सम्भावित जोखिम र क्षतिका सम्बन्धमा जनचेतना फैलाउन गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संचार तथा सुचना प्रविधि मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल लगायतका निकायले मातहतका निकायलाई निर्देशन दिने । उक्त निकायहरुका जिल्ला तथा स्थानीय तहमा रहेका कार्यालयहरुले विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

२. आगलागी तथा वन डढेलोका घटनाहरुबाट मानवीय, भौतिक तथा वातावरणीय क्षतिलाई न्यूनीकरण गर्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल, नेपाल रेडक्रस सोसाइटी, मानवीय सहायताका क्षेत्रमा कार्यरत संघ संस्थाहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु थप सक्रिय रहन अनुरोध गर्ने। विपद्का घटनाहरुबाट हुनसक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि आ-आफ्ना क्षेत्रबाट भइरहेका काम कारवाहीहरुलाई थप प्रभावकारी बनाउने ।

३. सामुदायिक वनमा लाग्ने डढेलोबाट हुने जनधन र वातावरणीय लगायतका बिषयमा हुने क्षतिका लागि सम्बन्धित वन उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाउन वन तथा वातावरण मन्त्रालयलाई अनुरोध गर्ने।

४. संभावित विपद्का घटनाका समयमा र घट्ना पश्चात आईपर्ने स्वास्थ्य सम्बन्धी अवस्थालाई काबु बाहिरको परिस्थितिमा जान नदिन आवश्यक उपकरण तथा औषधीहरुको पर्याप्त व्यवस्था सहित जनशक्ति तयारी अवस्थामा राख्न स्वास्थ्य तथा जनसंङ्ख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

५. मनसुनको समयमा हुनसक्ने संभावित जोखिमलाई न्यूनीकरण गर्न सरकारी निकायहरुबाट आपत्कालीन कार्य योजना तयार पारी सो को Soft Copy र Hard Copy कालिमाटी फन्टमा १५ दिन भित्र गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रमा उपलब्ध गराउने ।

६. मनसुनका समयमा बाढी पहिरोबाट पूर्वाधार तथा भौतिक सम्पत्तिमा पुग्नसक्ने संभावित क्षति तथा राजमार्ग, खानेपानीका पाइप जस्ता Life Line हरुमा हुनसक्ने अवरोधहरुलाई मध्यनजर गरी रणनीतिक स्थानहरुमा हेवी ईक्विपमेन्टहरु सहितको टोली तयारी अवस्थामा (Stand by) रहन भौतिक पूर्वाधार तथा यातायात मन्त्राललाई अनुरोध गर्ने । यस कार्यमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालले आ-आफ्ना मातहतका निकायहरुलाई सक्रिय बनाई Life Line लाई तत्काल सुचारु गर्ने व्यवस्था मिलाउने ।

७. सबै जिल्लाहरुलाई वन डढेलो नियन्त्रण तथा मनसुन सम्वन्धी कार्य योजना बनाई संभावित जोखिमलाई न्यूनीकरण गर्न तयारी अवस्थामा रहन लगाउने ।

८. मनसुनका समयमा हुन सक्ने संभावित जोखिमलाई न्यूनीकरण गर्न नेपाल सरकारका सरोकारवाला मन्त्रालयहरु तयारी अवस्थामा रहन तथा प्रदेश स्तरीय मन्त्रालय र स्थानीय सरकारलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने ।

९. विपद्का समयमा प्रयोग हुने सामाग्रीहरु सहितको आपत्कालीन कार्य योजना बनाई संयुक्त राष्ट्र संघीय निकायहरुले संयुक्त राष्ट्र संघीय मानवीय संयोजकको कार्यालयमार्फत १५ दिन भित्र गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रमा उपलब्ध गराउने । त्यसै गरी नेपाल रेडक्रस सोसाइटीले केन्द्र तथा जिल्लाहरुमा आफ्ना गोदामहरुमा रहेका सामाग्रीहरुको पछिल्लो अध्यावधिक विवरण गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र र सम्बन्धित जिल्लाको जिल्ला विपद् व्यवस्थापन समिति लाई १५ दिन भित्र उपलब्ध गराउने ।

१०. सबै जिल्ला विपद् व्यवस्थापन समितिहरुले आ-आफ्नो जिल्लामा रहेका स्थानीय विपद् व्यवस्थापन समितिहरुलाई सक्रिय बनाई विपद् पूर्व, विपद्को अवस्था र विपद् पश्चात स्वत परिचालन हुन अनुरोध गर्ने र सो कार्यका लागि मानवीय सहायतामा काम गर्ने गैर सरकारी संघ संस्थाहरुले आवश्यक सहयोग पुऱ्याउने ।

११. नेपाली सेनालाई विपद्को समयमा हुने जनधनको क्षतिलाई मध्यनजर गर्दै तत्काल परिचालन हुन सक्ने गरी प्रदेश नं १ मा इटहरी, प्रदेश नं ४ मा पोखरा र कर्णाली प्रदेशको सुर्खेतमा हेलिकप्टर सहितको खोज उद्धार टोली तयारी अवस्थामा (Stand by) राख्न अनुरोध गर्ने ।

१२. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाललाई सम्भावित विपद्लाई मध्यनजर गरी विभिन्न रणनीतिक स्थानहरुमा तालिमप्राप्त जनशक्ति राख्ने व्यवस्था मिलाउन अनुरोध गर्ने ।

१३. जल तथा मौसम विज्ञान विभागलाई जल तथा बर्षा मापन केन्द्रमा रहेका जल तथा बर्षा मापन सामग्रीहरुलाइ चालु अवस्थामा राख्न अनुरोध गर्ने । पूर्व सूचना प्रणालीलाई प्रभावकारी बनाउन उक्त विभागबाट मनसुनको समयमा प्राप्त हुने सूचनालाई दुर संचार सेवा प्रदायक निकाय NTC र NCELL मार्फत प्रवाहगरी सो सूचनालाई धेरै भन्दा धेरै जनतामा सम्प्रेषण गरी जनधनको क्षतिलाई न्यून बनाउने कार्यमा सहयोग पुर्याउन संचार तथा सूचना प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने ।

१४. विपद् लेखाजोखा मार्गदर्शन, २०७२ लाई परिमार्जन गरी सहज तुल्याउने र विपद्का वेलामा Assessment Coordination Team लाई परिचालन गर्ने ।